अनुसूची ७

# फाल्गुनन्द गाउँपालिकाको विनियोजन ऐन

## फाल्गुनन्द गाउँपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः .२०७५-०३-३१

प्रस्तावनाः फाल्गुनन्द गाउँपालिकाको आर्थिक बर्ष २०७५।७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम फाल्गुनन्द गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम " फाल्गुनन्द गाउँपालिकाको विनियोजन ऐन, २०७५।७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.आर्थिक वर्ष २०७५।७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७५।७६ को निमित्त फाल्गुनन्द गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु२९९५४३००० (अक्षेरुपी उन्तीस करोड पञ्चनव्वे लाख त्रिचालीस हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।७६ को निमित्त फाल्गुनन्द गाउँपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | | |
| १ | | गाउँ कार्यपालिका | ३८५०० | ६८१४३ | ०० | १०६६४३ |
| २ | | वडा समिति | ४२०० | २५८०० | ०० | ३०००० |
| ३ | | बिषयगत शाखा | १५७९०० | ५००० | ०० | १६२९०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ०० | ०० | ०० | ०० |
| ५ | | लगानी (शेयर/ऋण) | ०० | | ०००० | ०० |